नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन : ९७७-०१-४२११६६६

# प्रेस विज्ञप्ती

धनुषा जिल्ला स्थित राम जानकी मन्दिरलगायत अन्य मठ, मन्दिरअन्तर्गत रहेका विभिन्न गुठी जग्गाहरुमा विभिन्न व्यक्ति तथा संघ संस्थाहरुबाट अतिक्रमण भएको विषयका सन्दर्भमा बृहत्तर जनकपुर क्षेत्रअन्तर्गत जनकपुर उपमहानगरपालिका भित्र रहेका पोखरी, पोखरीका डिल, राम जानकी मन्दिरलगायत प्रमुख मन्दिर तथा गुठीको जग्गा संरक्षण र व्यवस्थापनका लागि गठित उच्च स्तरिय कार्यदलको प्रतिवेदन, २०६२ तथा सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षण सम्बन्धी जाँचबुझ आयोग, २०७६ को प्रतिवेदन तथा गुठी जग्गासँग सम्बन्धित अन्य प्रतिवेदनमा उल्लेख भएका उक्त क्षेत्र भित्र पर्ने प्रतिवेदनका विभिन्न बुँदाहरु कार्यान्वयनका लागि गुठी संस्थान, प्रधान कार्यालयका गुठी प्रशासक श्री ध्रुव घिमिरेको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समितिको कार्यालय धनुषाका जिल्ला समन्वय अधिकारी, भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक, भूमि प्रशासन कार्यालय धनुषाका प्रमुख भूमि प्रशासन अधिकृत, नापी कार्यालय धनुषाका प्रमुख नापी अधिकृत, गुठी संस्थान शाखा कार्यालय धनुषाका कार्यालय प्रमुख लगायत ९ सदस्यीय कार्यान्वयन समिति गठन गरिएको छ। उक्त समितिलाई देहाय बमोजिमका कार्यक्षेत्रगत शर्तहरूसहितको जिम्मेवारी तोकिएको छ।

## कार्यक्षेत्रगत शर्तहरु(TOR)

(क) गुठी अन्तर्गत पर्ने अतिक्रमण भएको मन्दीर परिसर र पोखरी तथा पोखरीको डिल रेखाङ्कन गर्न लगाई ७(सात) दिनको समयावधी तोकी उक्त अतिक्रमित जग्गा सम्वन्धित व्यक्ति आफैले खाली गर्न समितिले तत्कालै सुचना दिने,

(ख) खण्ड (क) बाहेकका अन्य गुठी जग्गा भित्र रहेको जग्गामा घर टहरा बनाई बसोवास रहेको क्षेत्र रेखाङ्कन गर्न लगाई १५(पन्ध्र) दिनको समयावधी तोकी अतिक्रमित जग्गा सम्वन्धित व्यक्ति आफैले घर टहरा खालि गर्न समितिले तत्कालै सुचना दिने,

(ग) माथि खण्ड (क) र खण्ड (ख) बमोजिम उल्लेखित म्याद भित्र अतिक्रमण नहटाएमा स्थानीय प्रशासन/तह समेतको सहयोग लिई १५(पन्ध्र) दिन भित्र अतिक्रमित जग्गा खाली गराउने,

(घ) अतिक्रमण हटाएको मितिले १५(पन्ध्र) दिन भित्र मन्त्रालयमा प्रगति विवरण सहितको प्रतिवेदन गर्ने।

दामोदर वाग्ले
सहायक प्रवक्ता